धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३६ ◆ २०८३ असार ८ गते सोमबार, Monday, June 22, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## निजामती अस्पतालमा छ महिनादेखि सिटी स्क्यान सेवा ठप्प

काठमाडौँ । नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पतालमा सिटी स्क्यान सेवा बन्द भएको छ। विगत छ महिनादेखि सिटी स्क्यान मेसिन बिग्रिएर सेवा बन्द भएको अस्पालका निमित्त कार्यकारी निर्देशक डा रविप्रकाश शर्माले जानकारी दिनुभयो। “सिटी स्क्यान मेसिन बिग्रिएर बिरामीलाई धेरै नै समस्या भएको छ”, उहाँले भन्नुभयो, “बिरामीलाई सिटी स्क्यानका लागि अन्यत्र पठाउनुपरेको छ ।” अस्पतालमा दैनिक ६०० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् ।

## योगाभ्याससहित मनाइयो अन्तरराष्ट्रिय योग दिवस

काठमाडौँ। ‘स्वस्थ वृद्धावस्थाका लागि योग’ नाराका साथ आइतबार अन्तरराष्ट्रिय योग दिवसका अवसरमा शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत गठित मूल समारोह समितिले योगाभ्याससहित प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।

त्यस अवसरमा मुख्यसचिव सुमनराज अर्यालले राष्ट्रिय रूपमा योग, ध्यान र आरोग्य दिवस मनाउने निर्णय गरिसकेको बताउनुभयो। विद्यालय तहदेखि नै योग, ध्यान र आरोग्यका पाठ्यक्रम तर्जुमा गरी पठनपाठन पनि सुरु भइसकेको उहाँले जानकारी गराउनुभयो । योगको धेरै प्रचारप्रसार भए पनि जनमानसले धेरै फाइदा लिन नसकेकाले अब त्यसतर्फ लैजान जागरण सुरु भइसकेको मुख्यसचिव अर्यालले बताउनुभयो। मन्त्रालयका सचिव चुडामणि पौडेलले स्वस्थ र निरोगिताका लागि नियमित रूपमा योगाभ्यास गर्नुपर्नेमा जोड दिनुभयो । मानसिक रूपमा स्वस्थ रहेर समाज र राष्ट्रलाई पनि स्वस्थ बनाउन योगले सहयोग गर्ने उहाँको भनाइ थियो । जीवन विज्ञान नेपालका एलपी भानु शर्माले शारीरिक, मानसिक, आध्यात्मिक दुःख निवारणका साथै समृद्धिका माध्यमका रूपमा अघि बढाउनुपर्ने भनाइ राख्नुभयो । नेपालको प्रस्तावमा संयुक्त राष्ट्र सङ्घले आरोग्य दिवसको घोषणा गरेको जानकारी पनि उहाँले दिनुभयो ।

अन्तरराष्ट्रिय योग दिवस हरेक वर्ष जुन २१ तारिखका दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइन्छ। संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०१४ मा गरेको निर्णय अनुसार सन् २०१५ जुन २१ देखि अन्तरराष्ट्रिय योग दिवस मनाउन थालिएको हो । विसं २०३६ माघ १ गतेदेखि मुलुकमा योग दिवस मनाउन प्रारम्भ भएको हो ।

दशरथ रङ्गशालामा भएको आजको कार्यक्रममा योगासनका साथै यसको महत्वका बारेमा जानकारी गराइएको थियो ।

## स्वास्थ्य संस्थाबाट पाईने सेवाहरु

१. नियमित खोप कार्यक्रम ।
२. खोप सेवा संचालन भएको स्थानमा सरसफाई कार्यक्रम संचालन ।
३. मातृ तथा बाल स्वास्थ्यका लागी संस्थागत सुत्केरी ।
४. खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल अनुसन्धान ।
५. पोषण सेवा सुद्रीढीकरण (बृद्धि अनुगमन, कुपोषित बालबालिकाहरु लाई परामर्श ,उपचार तथा रेफर सेवा प्रदान )
६. एकिकृत जनस्वास्थ्य तथा पोषण अभियान तथा विशेषज्ञ शिविर अन्तर्गत बालबालिकाहरुलाई विशेषज्ञ सेवा ।
७. नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम (स्तनपान सम्बन्धि परामर्श, झाडापखला, ज्वरो,मलेरिया, बृद्धी अनुगमन,रक्तअल्पता, कानको समस्या, स्वासप्रस्वास मार्गमा हुने संक्रमण तथा गम्भिर प्रकृतीका स्वास्थ्य समस्याहरुको उपचार व्यवस्थापन)
८. प्रदेशमा बसोबास गर्ने अति सिमान्तकृत एवं लोपोन्मुख जातीको मतृ तथा बालस्वास्थ्य सेवामा सहज पहुंच पुर्याउन संस्थागत सुत्केरी र तिनको बालबालिकाले पूर्ण खोप लगाएको आमालाई रु ५ हजार उत्प्रेरणा
९. अस्पतालहरुमा २ महिना मुनिका बालबालिकाहरुमा हुन सक्ने स्वास्थ्य समस्याहरुलाई मध्यनजर गर्दै निशुल्क NICU सेवा संचालन ।
१०. प्रत्येक वर्ष वैशाख ६,७ र कार्तिक २,३ मा राष्ट्रीय भिटामिन ए र जुकाको औषधि खुवाउने कार्यक्रम ।

जनस्वास्थ्य कार्यालय, धादिङ

## रास्वपा महाधिवेशनले चितवनका होटल भरिभराउ

*प्रत्यूष समाचारदाता*

चितवन । वाह्य पर्यटकको चहलपहल हुने सौराहाका धेरै होटलले सामान्यतया असारदेखि भदौ महिनासम्म आफ्ना कर्मचारीलाई बिदा दिने गर्दथे ।

सामान्यतया होटलको सुरक्षा र सरसफाइमा खटिनेबाहेक सबैजसो कर्मचारीले बिदा पाउँथे । तर, यस वर्ष भने असारको पहिलो साता सकिनैलाग्दा सौराहका होटल मुख्य ‘सिजनमा’जस्तै भरिभराउ छन् । होटलमा कोठा पाउन कठिन अवस्था छ । सौराहासहित भरतपुर आसपासका होटल व्यवसाय भीडभाड देखिनुको कारण ‘राष्ट्रिय स्वातन्त्र पार्टी’ (रास्वपा)को महाधिवेशन हो ।

प्रतिनिधिसभा सदस्यका लाग हालै सम्पन्न निर्वाचनमा दुई तिहाइ नजिकको सङ्ख्या जित्न सफल सबैभन्दा ठूलो राजनीतिक दल ‘रास्वपा’को आज भरतपुरमा उद्घाटन हुने तीन दिने राष्ट्रिय महाधिवेशनका कारण चहलपहल बढेको भनी होटल व्यवसायी खुशी देखिन्छन् । होटल व्यवसायी सङ्घ चितवनका अनुसार रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशमा भाग लिन आउने स्वदेशी तथा विदेशी प्रतिनिधि, शुभेच्छुक, नेता तथा कार्यकर्ता, पर्यवेक्षक, सञ्चारकर्मीलगायतको उल्लेख्य उपस्थितिका कारण चहलपहल बढेको हो । महाधिवेशनमा भाग लिन आउने प्रतिनिधिको सङ्ख्या चार हजार २११ छ ।

क्षेत्रीय होटल सङ्घ सौराहाका उपाध्यक्ष गुणराज थपलिया रास्वपाको महाधिवेशनका कारण अहिले बेमौसममा पनि अपेक्षा गरेभन्दा बढी पर्यटक वृद्धि भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “आइतबार सार्वजनिक बिदा हुनथालेपछि यसअघि जस्तो बजार सुनसान थिएन। यसैबीच महाधिवेशन घोषणा भएसँगै सौराहामा चहलपहल बढेको छ। समग्रमा यस वर्ष यहाँका होटल व्यवसायी लाभान्वित भएका छन् ।” सौराहामा रहेका १५० हाराहारी होटलमा सात हजार जनाको क्षमता रहेको उहाँले बताउनुभयो। सौराहाको होटल भिष्टाका सञ्चालक रमेश सिलवाल महाधिवेशनस्थल भरतपुरबाट केही टाढा भएपनि पर्यटकीय स्थलका रूपमा परिचित सौराहा घुम्नबस्न आउने नेता तथा कार्यकर्ताको सङ्ख्या उल्लेख्य रहेको बताउनुहुन्छ । होटल व्यवसायी सिलवाका अनुसार नेकपा एमालेको यसअघि सम्पन्न महाधिवेशनपछि रास्वपाको महाधिवेशनका कारण अहिले सौराहले प्रचारप्रसारसहित वाह्य पर्यटक पाएको छ । सौराहाका ‘रेष्टुरेन्ट’ व्यवसायी दीपेन्द्र खतिवडा होटल बासका लागि सोधखोज गर्नेको निकै बढको छ ।

होटल व्यवसायी सङ्घअन्तर्गतका ७३१ होटल रेष्टुरेन्टमध्ये आवास सुविधा भएका अधिकांश भरिएको व्यवसायीले बताएका छन् । सङ्घका निवर्तमान अध्यक्ष कृष्ण भट्ट गत वर्षमा यतिबेला करिब ४० प्रतिशत हुनेगरेकामा अहिले ८० प्रतिशतभन्दा बढी होटल भरिएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “राम्रा अधिकांश होटल भरिएका छन् । मध्यमस्तरकामा केही बाँकी छन् ।” स्तरीय होटल खोज्ने सौराहालगायतका क्षेत्र गएको उहाँ बताउनुहुन्छ । भरतपुर गार्डेनका महाप्रबन्धक घनश्याम चापागाईं दुई दिनदेखि होटल भरिएको बताउनुहुन्छ । महाधिवेशन अवधिभर होटलमा कोठा खाली नभएको बताउँदै उहाँले भन्नुभयो, “हाम्रो होटलमा अरु बेलामा आइरहने पाहुना नै महाधिवेशनमा आएकाले भरिएको छ ।”

## साहित्य सन्ध्यामा अल्गोरिदम र डार्क पिआरबारे परिचर्चा

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । साहित्य सन्ध्याको ४७७ औँ नियमित मासिक विशेष शृङ्खलामा ‘वर्तमान समयमा अल्गोरिदम (समस्या समाधान गर्ने चरणबद्ध नियमहरूको योजना)को असर र डार्क पिआर (छद्म सार्वजनिक सम्बन्ध)ले मानवमस्तिष्कमा पार्ने प्रभाव’ विषयमा परिचर्चासहित कविगोष्ठीको आयोजना गरिएको छ ।

गत शनिबार आयोजित कार्यक्रममा युवा कवि प्रशान्त खरेलले अल्गोरिदमका सकारात्मक र नकारात्मक दुवै पक्ष रहेको बताउनुभयो । उहाँका अनुसार खोजिएका कुरा तत्काल उपलब्ध हुनु, स्वास्थ्य तथा विज्ञानका क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन सहयोग पुग्नु, मौसम पूर्वानुमान र नयाँ औषधि पहिचानमा सहयोग पुग्नु अल्गोरिदमका सकारात्मक पक्ष हुन् । डिजिटल लत बढ्ने, भ्रम र गलत भाष्य निर्माण हुने तथा गलत सूचना फैलिने जस्ता जोखिम पनि उत्तिकै रहने उहाँले बताउनुभयो । “भाइरल हुनका लागि सत्यभन्दा बढी गलत सूचना प्रवाह गर्ने, आवेग सिर्जना गर्ने, निर्वाचनमा बाह्य हस्तक्षेप हुने, व्यक्तिका सूचना सङ्कलन गरी बिक्री गर्ने, एकाधिकारतर्फ जाने प्रवृत्ति देखिन्छ,” खरेलले भन्नुभयो ।

उहाँले सामाजिक सञ्जालमा नेपालमा सर्भर नहुने वा दर्ता तथा नियमन नहुने अवस्थासम्म यस्ता समस्या कायम रहने धारणा राख्नुभयो । उहाँले श्रमिक अधिकारमा असर, गम्भीर विषयलाई सतही बनाउने प्रवृत्ति, “हामी विरुद्ध उनीहरू” भन्ने मनोवृत्ति विकास हुने तथा घृणा र भावनात्मक उत्तेजना हावी हुने अवस्था देखिएको उल्लेख गर्नुभयो । तथ्याङ्कको संरक्षण, स्थानीय तहसम्म प्रविधि शिक्षा विस्तार तथा पारदर्शितामार्फत अल्गोरिदमसम्बन्धी सचेतना आवश्यक रहेको उहाँको भनाइ थियो । कार्यक्रममा स्रष्टाहरू ओमप्रसाद कोइराला, डम्बर पहाडी, ललिता दोषी, सुशीला प्रधानाङ्ग, गोपाल बराल, डा. मनोज जोशी, प्रिन्स प्रमोद, केदारनाथ आचार्य, नवराज श्रेष्ठ, डा. गोविन्दप्रसाद आचार्य, नारायण निरासी, कुमार नेपाल, राधिका भण्डारी सापकोटा, प्रभाती किरण, जयन्ती स्पन्दन, लक्ष्मण तिमल्सिना, अमरदीप सुनुवार, डा. कृष्ण सुवेदी, दील पौडेल, नन्दु उप्रेती, राजाराम राउत, रूपक अलङ्कार, वासुदेव अधिकारी र गोपालकुमार मैनालीले रचना वाचन गर्नुभयो ।

प्रस्तुत रचनामाथि समीक्षा गर्दै समालोचक ज्ञानु विद्रोहीले देशभक्ति र जागरणमुखी कविताहरू वाचन भएको बताउनुभयो । साहित्य सन्ध्याका अध्यक्ष राम विनयले साहित्यका माध्यमबाट सामाजिक विकृति तथा शासकीय विसङ्गतिका विरुद्ध आवाज बुलन्द गर्नुपर्नेमा जोड दिनुभयो ।

## नेपाली डायस्पोरालाई मातृभूमिमा लगानी गर्न आग्रह

वासिङ्टन डिसी । अमेरिकामा रहेका नेपालीलाई नेपालका तुलनात्मक लाभका क्षेत्रमा लगानी गरी प्रतिफल प्राप्त गर्न यहाँस्थित नेपाली दूतावासले आग्रह गरेको छ ।

‘नेपाली डायस्पोरा र नेपालको समृद्धि, व्यापार, लगानी र नवप्रवर्तनमा चुनौती र अवसर’ शीर्षकमा दूतावासले आइतबार आयोजना गरेको छलफलमा कार्यवाहक राजदूत शरद्राज अरणले मातृभूमिको उन्नयनका निम्ति पुँजी परिचालन गर्न अनुरोध गर्नुभएको हो ।

विदेशमा रहेका नेपालीको ज्ञान, सीप र पुँजीलाई नेपालको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले गैरआवासीय नेपालीका लागि लगानीमैत्री वातावरण निर्माण गरिएकाले ढुक्क भएर नेपालमा लगानी गर्न आग्रह गर्नुभयो। सहभागीहरूले नेपालमा लगानीको सम्भावना, अवसर र चुनौतीबारे विस्तृत छलफल गरेका थिए ।

महावाणिज्यदूत लक्ष्मण खनालले नेपालमा सूचना प्रविधि, पर्यटन र ऊर्जा क्षेत्रबाट उच्च प्रतिफल प्राप्त हुने जानकारी दिँदै प्रवासी नेपालीले ती क्षेत्रमा उपलब्ध लगानीका अवसर गुमाउन नहुनेमा जोड दिनुभयो ।

उद्यमी लोक तिवारीले अमेरिकामा विभिन्न पेशा र व्यवसायमा रहेका नेपालीले



आफ्नो सीप र अनुभवलाई नेपालको विकासमा उपयोग गर्नपर्छ भन्दै नेपाललाई प्राप्त विप्रेषण उत्पादनशील क्षेत्रमा लगानी गर्न सुझाउनुभयो ।

सम्पादकीय ....

## संचारकर्मीहरु गम्भीर बन्नुपर्ने

अहिले एउटै मोबाइलमा संसार छ भन्ने मान्यताको विकास भएको छ। केही हदसम्म यो मान्यता सही पनि हो। हिजोको दिनमा समाचारमाथि मिडियाको नियन्त्रण हुन्थ्यो/थियो। एउटा समाचारका लागि भोलिपल्टको पत्रिका वा निश्चित समयको समाचार बुलेटिन कुर्नुपर्थ्यो। आज त्यस मान्यतामा परिवर्तन आएको छ। रियल-टाइम (तत्काल) अपडेट (अद्यावधिक) मोबाइलको स्क्रिनमै आइपुग्छ।

प्रविधिको नयाँ लहरका कारण डिजिटल रूपान्तरणको अवस्था सिर्जना भएको छ। यसबाट सबैभन्दा बढी प्रभावित हुन पुगेका छन्, परम्परागत मिडिया। छापा, रेडियो र टेलिभिजन जस्ता परम्परावादी मिडिया डिजिटलमा फड्को मार्न बाध्य भएका छन्। यो बाध्यात्मक अवस्थाका कारण पत्रकारिताको विगतको अभ्यास प्रभावित हुन पुगेको छ।

वर्तमान परिप्रेक्ष्यमा यो वास्तविकतालाई स्वीकार नगर्ने हो भने सञ्चारकर्ममा संलग्नहरूले प्रभावकारी रूपमा कार्यसम्पादन गर्न कठिन हुनसक्छ। सम्बद्ध पक्षले के हेक्का राख्नु जरूरी छ भने वर्तमान समयमा प्रविधिका कारण पाठक, दर्शक/श्रोताको बानी र सामग्री प्रस्तुतीकरणमा युगान्तकारी परिवर्तन आएको छ र सञ्चारकर्मीले त्यो परिवर्तनलाई आत्मसात् गर्नु अपरिहार्य छ।

अवस्था त कहाँसम्म छ भने नयाँ परिवेशमा समग्र पत्रकारिता र समाचारकै परिभाषा र प्रकृतिमै पनि परिवर्तन आएको हो कि भन्ने भान पर्न सक्छ। पत्रकारिता र समाचारको मूल मान्यताका सन्दर्भमा परिवर्तनलाई अस्वीकार गर्ने हो भने पनि शैली र स्वरूपमा आएको परिवर्तनलाई अस्वीकार गर्न मिल्दैन। केही त माध्यममा आएको परिवर्तनका कारण पनि पत्रकारिता, समाचार र समग्रमा सञ्चारकर्म प्रभावित हुन पुगेको यथार्थ हाम्रासामु छ।

प्रविधिमा आएको परिवर्तनका कारण छापा माध्यम (पत्रिका), रेडियो र टेलिभिजनको एकाधिकार सकिएर अहिले अनलाइन पोर्टल, पोडकास्ट र सामाजिक सञ्जाल (फेसबुक, युट्युब, टिकटक) सञ्चारका मुख्य माध्यम बनेका छन्। निश्चय नै यो अवस्थाले एकातिर सूचनामाथिको परम्परागत नियन्त्रणकारी अवस्थाको अन्त्य भएको तर सूचनाको प्रवाह अनियन्त्रित हुन पुगेको छ।

अर्कोतिर आमव्यक्तिका हातमा सञ्चारमाध्यम पुग्दा नागरिक पत्रकारितालाई बल त पुगेको छ तर सँगसँगै द्रुत सूचना सम्प्रेषण मान्यताको विकासको उपस्थितिमा सूचनाको पुष्टि र पुनर्पुष्टिको प्रक्रिया प्रभावित हुन पुगेको छ भन्दा अस्वाभाविक हुँदैन। कतिपय सन्दर्भमा त पाठक, श्रोता र दर्शकमाझ छिटो पुग्ने लोभ संवरण गर्न नसक्दा समाचार सम्पादनको प्रक्रियालाई पनि पूर्णतः अनुसरण गर्न सकिएको पाइँदैन। वर्तमान समयमा समाचार लेखन, उद्घोषण र तथ्याङ्क विश्लेषणमा एआईको प्रयोग बढ्दो छ।

जुनसुकै एआईले पनि पत्रकारितालाई प्रतिस्थापन गर्न सक्दैन। समाजमा खोजी समाचार र मानवीय संवेदनाको अध्ययन विश्लेषणको जहिलेसम्म महत्व रहन्छ, त्यस बेलासम्म पत्रकार र पत्रकारिताको अस्तित्व पनि कायम रहन्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# अन्तरराष्ट्रिय योग दिवस सन्दर्भः आरोग्य पर्यटन पर्यटनमा योग

विनोद घिमिर

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरुको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन।

यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ। आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ। जसका कारणले मान्छेहरुमा धेरै रोगहरु उत्पन्न भएका छन्। सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ। यसरी आकुलव्याकुल भएर मान्छेहरु अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ। मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन्। कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन्। भने कोही चाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरु कम गर्नका लागि पनि यात्रा गर्छन्। स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ। आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो। यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसावले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो। आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरु पर्दछन्।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ। २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ। आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो। आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औं स्थानमा रहेको छ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ। आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ। आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ। योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ। योगले आरोग्य पर्यटनमा निम्न कुराहरुमा सहयोग गर्न सक्छ:

१ तनावबाट मुक्ति

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रुपमा रहेको छ। योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरु देखिँदै आएका छन्। फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ। योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरु छन्। रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरु भएका छन्। यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरु पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन्।

२. जीवनशैली रूपान्तरण

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन्। जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरु, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरु आदि पर्दछन्। यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ। यसका लागि मान्छेहरुलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि चाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरि जीवनशैली व्यवथापन गर्ने भन्ने जस्ता कुराहरू चाहिँ सिक्नुपर्ने हुन्छ। अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौ भन्ने डरले चाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रुपमा व्यवस्थित हुँदैन भन्ने छ। योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीन रुपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ। त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रिट केन्द्र तथा आश्रममा आउने चलन छ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि वरदान सावित छन्। विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचानअर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ। वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक-फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ।

३. उच्चस्तरको साधना

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन्। नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ। यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन्। लुम्बिनी, पोखरा, काठमाडौंका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रिट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन्।

४. प्राकृतिक र वैकल्पिक उपचार

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन्। योग यी सबै विधाको परिपूरक हो। उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ। यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन्।

५. दीर्घकालीन पर्यटनको प्रवर्द्धन

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ। सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन्। आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ। सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाऊने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ। योग आरोग्य पर्यटनको मूलमन्त्र हो।

प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन् :

प्रमाणीकरण र ब्रान्डिङको चुनौती

नेपालमा योग प्रशिक्षणका अनेकौं केन्द्रहरू सञ्चालित भए तापनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन।

२. वैज्ञानिक पाठ्यक्रमको अभाव

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तैः एन्टि-एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ।

पूर्वाधार विकास र सहज पहुँचः

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तरराष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ।

विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ। यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ।

आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ। राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ। (लेखक योग विशेषज्ञ हुनुहुन्छ)।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## नियमित योग अभ्यासले स्वास्थ्य सबल र मानसिक शान्ति हुने

काठमाडौँ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नियमित योग अभ्यासबाट शारीरिक स्वास्थ्यका साथै मानसिक शान्ति, सकारात्मक सोच र आत्मिक उत्थानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

अन्तरराष्ट्रिय योग दिवसका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै उहाँले योगलाई दैनिक जीवनशैलीमा आत्मसात् गरी स्वस्थ, अनुशासित र सन्तुलित जीवनतर्फ अग्रसर हुन सबैमा आग्रह गर्नुभएको छ ।

उपराष्ट्रपति यादवले पछिल्लो समय हृदयाघात, मधुमेहलगायत दीर्घकालीन नसर्ने रोगको रोकथाम तथा नियन्त्रणमा योगको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै योग मानसिक तनाव, जीवनशैलीजन्य रोग तथा सामाजिक असन्तुलन घटाउने प्रभावकारी माध्यम बनेको बताउनुभएको छ ।

“योगले जात, धर्म, भाषा वा सीमाभन्दा माथि उठेर सम्पूर्ण मानव समुदायलाई एकताको सूत्रमा बाँध्ने सन्देश दिन्छ । यसले विश्वशान्ति, सहिष्णुता र सहकार्यलाई बलियो बनाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ,” शुभकामना सन्देशमा योगको महत्वबारे प्रष्ट पार्दै उहाँले भन्नुभएको छ ।

योग शारीरिक अभ्यास मात्र नभई जीवनलाई अनुशासित, सन्तुलित, सुस्वस्थ र समृद्ध बनाउने महत्वपूर्ण जीवनपद्धति भएको उल्लेख गर्दै उहाँले आत्मा, शरीर र मनबीच सामञ्जस्य स्थापित गर्न योगले सहयोग गर्ने बताउनुभएको छ ।

स्वस्थ जीवनशैलीको अभ्यास मार्फत समृद्ध राष्ट्र र सशक्त समाज निर्माण गर्न सकिने उल्लेख गर्दै उपराष्ट्रपतिले “यस दिवसले हामी सबैलाई योग अभ्यासलाई जीवनशैलीमा समावेश गर्न प्रेरित गरोस् र सुस्वास्थ्य युक्त, अनुशासित तथा सन्तुलित समाज निर्माणतर्फ जागरुकता फैलाओस्,” सन्देशमा भन्नुभएको छ ।



## ट्राफिक कारबाहीबाट चार लाख ९४ हजार राजस्व

काठमाडौँ । बितेका २४ घण्टामा एक हजार ७८२ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु चार लाख ९४ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ८३, नियमविपरीत ‘राइड सेयरिङ’ गरेका ७५, सङ्केत बत्ती उल्लङ्घनकर्ता ८२ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका ११० जनालाई कारबाही गरिएको हो ।

यसैगरी, ‘लेन’ अनुशासन पालना नगर्ने ६५, निषेधित क्षेत्रमा हर्न बजाउने ७१, सडकपेटीमा सवारीसाधन पार्किङ गर्ने ८७, एकतर्फी बाटोमा सवारी चलाउने ६८ र अन्य सवारी नियम पालना नगरेका एक हजार १४१ जनालाई कारबाही गरिएको हो ।

## कालीगण्डकी किनारलाई धार्मिक-पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न पदमार्ग निर्माण

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कालीगण्डकी नदी किनारलाई धार्मिक, पर्यटकीय तथा मनोरञ्जनात्मक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पदमार्ग निर्माण प्रारम्भ भएको छ ।

गाउँपालिकाले कालीगण्डकी किनारको बालीघाट क्षेत्रबाट पदमार्ग निर्माण थालिएको हो । प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र पर्यटकीय सम्भावनालाई एकसाथ जोड्दै क्षेत्रको समग्र विकास गर्ने लक्ष्यसहित पदमार्ग निर्माण थालिएको गाउँपालिका अध्यक्ष प्रकाश ओझाले बताउनुभयो ।

“नदी किनारको सुन्दर दृश्यसँगै यहाँ रहेका धार्मिकस्थल, प्राकृतिक सम्पदा र पर्यटकीय आकर्षणलाई एकापसमा जोड्ने उद्देश्यले पदमार्ग निर्माण थालेका हौँ”, अध्यक्ष ओझाले भन्नुभयो ।

गाउँपालिकाले दीर्घकालीन योजनाअनुसार उक्त पदमार्गलाई बालीघाटस्थित आँप बगैँचा, कालीगण्डकी किनार वर, पीपल स्वामीचौतारी, गैँडाअल्प झरना, चम्के ओडारलगायत स्थानसँग जोड्ने लक्ष्य छ । हाल ‘ट्र्याक’ खोलिएको, निर्माणलाई चरणबद्ध रूपमा अघि बढाइने र राष्ट्रिय रोजगार कार्यक्रममार्फत जनशक्ति परिचालन गरी पदमार्ग निर्माणलाई अझ व्यवस्थित बनाइने जनाइएको छ ।

## सांस्कृतिक सम्पदा र शताब्दीयौँ पुराना परम्पराको एकताको प्रतीक

काठमाडौँ । आइतबार (हिजो) विश्वका विभिन्न स्थानमा अन्तरराष्ट्रिय अयनोत्सव दिवस (वर्षमा दुई पटक हुने खगोलीय घटना, जब सूर्य पृथ्वीको भूमध्यरेखाको तुलनामा आफ्नो यात्रामा सबैभन्दा उत्तर वा सबैभन्दा दक्षिण बिन्दुमा पुग्ने दिन) विभिन्न कार्यक्रमका साथ मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले अयनोत्सव तथा विषुव (संसारका अधिकांश स्थानमा दिन र रातको अवधि लगभग बराबर हुने दिन)लाई सांस्कृतिक सम्पदा, कृषि परम्परा र मानव सभ्यतासँग जोडिएको महत्वपूर्ण प्राकृतिक तथा सांस्कृतिक घटनाका रूपमा मान्यता दिँदै जुन २१ लाई अन्तरराष्ट्रिय अयनोत्सव दिवसका रूपमा मनाउने घोषणा गरेको हो ।

राष्ट्रसङ्घका अनुसार संस्कृति समाज वा सामाजिक समूहका विशिष्ट आध्यात्मिक, भौतिक, बौद्धिक तथा भावनात्मक विशेषताहरूको समष्टि हो । यसले कला, साहित्य, जीवनशैली, मूल्य-मान्यता, परम्परा तथा विश्वासलाई समेटेको छ । सांस्कृतिक विविधता मानवताको साझा सम्पत्ति भएकाले वर्तमान र भावी पुस्ताको हितका लागि यसको संरक्षण, सम्मान र प्रवर्द्धन आवश्यक छ । महासभाले अयनोत्सव र विषुवलाई भूमि उर्वरता, कृषि तथा खाद्य उत्पादन प्रणाली, सांस्कृतिक सम्पदा र हजारौँ वर्ष पुराना परम्पराको प्रतीकका रूपमा स्वीकार गरेको छ । अयनोत्सव र विषुव उत्सवले आपसी सम्मान, शान्ति र असल छिमेकी सम्बन्धका आदर्शका आधारमा विभिन्न समुदाय र राष्ट्रबीचको सम्बन्ध सुदृढ बनाउन महत्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गरिएको छ ।

खगोलशास्त्रीय रूपमा अयनोत्सव भनेको सूर्यको वार्षिक दृश्यगत मार्ग पृथ्वीको भूमध्यरेखाको तुलनामा सबैभन्दा उत्तर वा दक्षिणतर्फ पुगेको क्षण हो । वर्षमा दुई पटक अयनोत्सव पर्छ ।

जुन २१ तिर पर्ने ग्रीष्म अयनान्तलाई उत्तरी गोलार्द्धमा वर्षको सबैभन्दा लामो दिन र गर्मी यामको सुरुआतका रूपमा लिइन्छ भने डिसेम्बर २१ तिर पर्ने शिशिर अयनान्तलाई सबैभन्दा छोटो दिन र जाडो यामको सुरुआतका रूपमा चिनिन्छ ।

त्यसैगरी, विषुव वर्षमा दुई पटक सामान्यतः मार्च २० र सेप्टेम्बर २३ तिर पर्छ । यस समयमा दिन र रातको अवधि लगभग बराबर हुने भएकाले यसलाई ऋतु परिवर्तनको महत्वपूर्ण सङ्केत मानिन्छ ।

अयनोत्सव, विषुव तथा तिनसँग सम्बन्धित ऋतुचक्र कृषि, बाली भित्र्याउने समय र जनजीवनसँग घनिष्ठ रूपमा जोडिएका छन् । यही कारण विश्वका विभिन्न संस्कृति र सभ्यताले यिनलाई विशेष पर्व, उत्सव तथा धार्मिक-सांस्कृतिक परम्परा मार्फत मनाउँदै आएका छन् । राष्ट्रसङ्घले यस्ता परम्पराबाट मानव समुदायबीच समझदारी, सहिष्णुता र सांस्कृतिक संवाद अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेको छ ।

## गढवाका अधिकांश किशोरीमा रक्तअल्पताको समस्या

घोराही । दाङको गढवा गाँउपालिकाका अधिकांश किशोरीमा रक्तअल्पताको समस्या देखिएको छ । गढवा गाउँपालिकाका विद्यालयमा अध्ययनरत किशोरीको स्वास्थ्य अवस्था सुधार गर्ने उद्देश्यले सुरु भएको रक्तअल्पता (एनेमिया) परीक्षण कार्यक्रम पश्चात् यस्तो तथ्याङ्क भेट्टीएको हो ।

गढवा गाउँपालिकाको समन्वय तथा लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालय र स्वास्थ्य कार्यालय दाङको संयुक्त आयोजनामा सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत पहिलो चरणमा तीन विद्यालयका ७०० बढी किशोरीको परीक्षण सम्पन्न भएको छ ।

जनता माध्यमिक विद्यालय, शुभतारा इङ्लिस बोर्डिङ स्कुल र ज्ञानज्योति इङ्लिस बोर्डिङ स्कुल गरी तीन विद्यालयका ७४५ किशोरीको परीक्षण गर्दा ५३७ जनामा रक्तअल्पता देखिएको जनस्वास्थ्य कार्यालयका ल्याब टेक्नोलोजिस्ट उज्ज्वल कुमार पौडेलले जानकारी दिनुभयो ।

गढवा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख कैलाशचन्द्र चौधरीले किशोरीको स्वास्थ्य सुधार गाउँपालिकाको प्राथमिकतामा रहेको बताउँदै रक्तअल्पता न्यूनीकरणका लागि विद्यालय, अभिभावक र स्वास्थ्य संस्थाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

स्वास्थ्य शाखा प्रमुख चौधरीका अनुसार यही असार ८ गते गढवा गाउँपालिका-३ का थप तीन विद्यालयका किशोरीको रक्तअल्पता परीक्षण कार्यक्रम सञ्चालन गरिने भएको छ । किशोरीमा उच्च दरमा रक्तअल्पता देखिनुले पोषण तथा स्वास्थ्य क्षेत्रमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

## अन्नपूर्ण आधार शिविरमा पर्यटक खचाखच

म्याग्दी । सोह्र वर्षअघिसम्म गुमनाम अन्नपूर्ण हिमालको आधार शिविर अहिले गुल्जार बनेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरु हुने आधार शिविर पहिचान, पूर्वाधार र प्रवर्द्धनपछि गुल्जार भएको हो । पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा अनुमान गरेभन्दा बढी सङ्ख्यामा पर्यटक आउन थालेका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

“अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित भएर त्यहाँसम्म पुग्ने पदमार्ग तयार र प्रवर्द्धनका कार्यक्रमपछि त्यहाँको पूर्वाधारले धान्ने भन्दा बढी पर्यटक आउन थालेका छन्”, उहाँले भन्नुभयो, “छोटो समयको सहज रूपमा पदयात्रा गरेर पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर आन्तरिक पर्यटकको रोजाइमा परेको छ ।” विसं २०६७ सम्म अन्नपूर्ण आधार शिविर म्याग्दीमा रहेको तथ्य जानकारी नै थिएन । कास्कीतर्फमात्र आधार शिविर रहेको भनिएको थियो । अन्नपूर्णको फेदी नारच्याङमा सन् २०१२ आएका अन्नपूर्णका प्रथम आरोही मौरिस हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरका बारेमा जानकारी गराएपछि प्रभा माविका तत्कालीन प्रधानाध्यापक तेज गुरुङ नेतृत्वको स्थानीयवासीको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र ‘मौरिस हर्जोग’ नामकरण गरेको थियो । “प्रथम आरोही हेर्जोगले दिएको जानकारी र सूचनाका आधारमा निलगिरि र अन्नपूर्ण खोलाको किनारैकिनार ६८ ठाउँमा काठको पुल बनाएर सात दिन लगाएर आधार शिविरमा पुगेका थियौँ”, उहाँले भन्नुभयो, “११ वर्षको अवधिमा आधारभूत पूर्वाधार बनाएर तीन वर्षअघिदेखि सञ्चालन गरिएको नारच्याङ-आधार शिविर जोड्ने पदमार्ग ‘भर्जिन’ गन्तव्य बनेको छ ।” समुद्री सतहदेखि चार हजार १९० मिटरको उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको हो । पदमार्गमा अस्थायी टहरा बनाएर सञ्चालन गरिएको रेष्टुरेन्टमा दैनिक ५० जनाको क्षमता भएपछि वसन्त र शरदयाममा दैनिक २०० जनाभन्दा बढी पाहुना आएका भुसकेतका होटल व्यवसायी माइकल पुनले बताउनुभयो ।

“अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा पर्ने भएकाले यहाँ स्थायी भौतिक संरचना बनाउन प्रक्रिया पूरा गरेर सरकारबाट अनुमति लिनुपर्छ”, उहाँले भन्नुभयो, “एक्यापले ५० पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको तर चारपाँच गुणा बढी पाहुना आएकाले टेन्ट र पालमुनि बसोबासको व्यवस्था मिलाउनुपरेको छ ।” आधार शिविरमा तीन वर्षअघिसम्म वसन्तयाममा हेलिकप्टरमार्फत आरोहीमात्र पुग्ने गर्दथे । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्किन सकिन्छ । निलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ । आधार शिविरमुनि समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ । एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो । अन्नपूर्ण हिमाल र पञ्चकुण्ड काललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको मुख्य विशेषता बनेको छ ।

आधार शिविरमा प्रथम ओहरण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुई लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना तथा हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका ५३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुला सङ्ग्रहालय पनि रहेको छ । सञ्चार, विद्युत्, स्वास्थ्य सुविधाको अभाव र रेष्टुरेन्टहरूको क्षमता कम हुदाँ पाहुना तथा व्यवसायीलाई समस्या भएको छ ।

## क्रिटिक्स फिल्म अवार्ड वितरण

काठमाडौँ । चलचित्र समीक्षक समाज (फिक्सन)ले ‘क्रिटिक्स फिल्म अवार्ड’ वितरण गरेको छ । शनिबार काठमाडौँस्थित पर्यटन बोर्डको सभाहलमा एक समरोहको आयोजना गर्दै समाजले २०८१ र २०८२ सालका विजेतालाई संयुक्त रूपमा अवार्ड प्रदान गरेको हो । समाजका अध्यक्ष सामीप्यराज तिमल्सेनाले समीक्षा संस्कृतिले चलचित्रलाई सही दिशातर्फ डोहोर्याउने बताउनुभयो ।

उहाँले भन्नुभयो, “समीक्षा र चलचित्रबीच ‘लभ एन्ड हेट’को सम्बन्ध रहने गरेको छ । समीक्षक व्यावसायिक चलचित्रको दुश्मन हुन् भन्ने भावना व्याप्त छ । तर, हामी विश्वास गर्छौं, समीक्षक र सर्जकबीचको सम्बन्ध प्रतिस्पर्धाको होइन, सहयात्राको हो । स्वस्थ समीक्षा कुनै सृजनामाथिको आक्रमण होइन, त्यो अझ उत्कृष्ट सृजनातर्फ डोहोर्याउने एउटा इमानदार संवाद हो ।”

अध्यक्ष तिमल्सेनाले चलचित्रको समीक्षा गर्नु त्यसको व्यावसायिकताको सम्भावनालाई खुम्च्याउनु नरहेको प्रस्ट पार्नुभयो ।

समरोहका प्रमुख अतिथि वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले व्यावसायिक सफलताले चलचित्रलाई राम्रो वा नराम्रो भन्न नमिल्ने बताउनुभयो । हलमा चलेका चलचित्रमात्रै राम्रा नहुने भन्दै उहाँले कतिपय राम्रा चलचित्र पनि नचल्ने गरेको बताउनुभयो। प्रचारको अभावलगायत कारणले कतिपय राम्रा चलचित्र हलमा नचल्ने गरेको उहाँको भनाइ थियो । त्यसैले राम्रा चलचित्रले अवार्ड पाएको अभिनेता श्रेष्ठले बताउनुभयो । “समीक्षकले दिने अवार्डमा चलचित्र व्यवसायिक पाटो नहेरी कलात्मक पक्षलाई जाँच्ने गरिन्छ, यसले चलचित्रकर्मी लाई हौसला प्रदान गर्छ । सबै राम्रा चलचित्र चलेका छैनन् । चलेन भनेर हरेस मान्नु पर्दैन, किनकि व्यावसायिक पक्षले कलात्मक पक्षलाई ओझेलमा पार्न सक्दैन”, कलाकार श्रेष्ठले भन्नुभयो । कलाकार श्रेष्ठले नेपाली चलचित्रलाई अझ सशक्त, विश्वसनीय र अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन सर्जक तथा समीक्षक दुवैको भूमिका उत्तिकै महत्त्वपूर्ण हुनेमा जोड दिनुभयो ।

उक्त समारोहमा चलचित्र ‘भूठान’ बाट उत्कृष्ट अभिनेताको अवार्ड ग्रहण गर्दै अभिनेता हरिवंश आचार्यले ‘क्रिटिक्स फिल्म अवार्ड’ पाउने व्यक्ति ‘राम्रै हुने’ विश्वास व्यक्त गर्नुभयो । “फिल्ममा यो भएन, त्यो भएन, यसो गरेको भए हुने थियो ।

यसरी बनाएको भए राम्रो हुने थियो भनेर दोषैदोष देखाउने व्यक्तिले दिएको अवार्ड भनेपछि पक्कै राम्रै होला । उहाँहरूबाट अवार्ड पाउनु भनेको गौरव हो, यो गरिमामय अवार्ड हो भन्ने लाग्छ”, अभिनेता आचार्यले भन्नुभयो ।

## पोखरा बसपार्कभित्रका ३२० सटर हटाइयो

कास्की । पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा अनधिकृत रूपमा बनाइएको बास्तोला कम्प्लेक्सका ३२० सटरलगायत संरचना महानगरले शनिबार डोजर प्रयोग गरी हटाएको छ ।

पोखरा बसपार्क निर्माणको अभियानमा रहेको महानगरपालिकाले पृथ्वीचोकस्थित सेती नदीपट्टिको बास्तोला कम्प्लेक्स हटाएको हो । महानगरपालिका र जग्गाधनीका बीचमा संरचना हटाउने सहमतिअनुसार व्यवसायीले सटर खाली गरेका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कम्प्लेक्सका सञ्चालक र त्यहाँ व्यवसाय गरेर बसिरहेका व्यवसायीसँग निरन्तर छलफल तथा संवादपछि खाली गर्ने सहमति भएको बताउनुभयो ।

उहाँका अनुसार बसपार्क निर्माण गर्ने अभियानमा सहयोग गर्ने समझदारी का साथ कम्प्लेक्स पूर्ण रूपमा हटाइएको हो । "हामीले जग्गाधनीसँग सहमति गरेका थियौँ । सोहीअनुसार खाली गरिएको हो । सुकुम्बासी बस्तीमा भने व्यवस्थापन नगरी हटाउने छैनौँ", उहाँले भन्नुभयो । महानगरले यसअघि असार ४ गते बसपार्क प्रवेशद्वारमा रहेका सटरमा डोजर चलाएको थियो ।

महानगरपालिकाले खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गा व्यक्तिका नाममा दर्ता भएको पाइएको छ । विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो ।

महानगरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतका विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समितिसमेत गठन गरेको छ ।

सो समितिको प्रतिवेदन अझै पेस हुनसकेको छैन । महानगर प्रमुख आचार्यले लालपुर्जा भएका जग्गाधनीको छानबिन पनि द्रुतगतिमा भइरहेकाले केही दिनमै वास्तविकता सार्वजनिक हुने बताउनुभयो ।

पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कको सम्पूर्ण जग्गा खाली गरिने बताउनुभयो । उहाँले बसपार्कको जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनको काम पनि अघि बढाइएको बताउनुभयो । महानगरले यही असार ४ गतेदेखि बसपार्कका संरचना हटाउन सुरु गरेको हो ।

"बसपार्कको ठूलो क्षेत्रभित्र बसेका वास्तविक सुकुम्बासीको अन्यत्र व्यवस्थापन गरेरमात्र सो क्षेत्रमा डोजर चल्छ । अहिले सुकुम्बासीको अन्यत्र जग्गा भए/नभएको बारेमा छानबिन भइरहेको छ", वडाध्यक्ष मर्सानीले भन्नुभयो ।

महानगरले सुकुम्बासी बस्तीका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको 'डकुमेन्ट भेरिफिकेसन' सम्पन्न भएको र बाँकीको समेत छिट्टै सकिने जनाएको छ ।

महानगर प्रमुख आचार्यले केही सुकुम्बासीले तीनपुस्ते सही विवरण नदिएको तथा झुटा विवरणसमेत दिएको पाइएको बताउँदै छानबिनका लागि समय लागेको बताउनुभयो ।

## रास्वपाले प्रतिसोधको राजनीति गर्दैनः लामिछाने

भरतपुर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो पार्टीले प्रतिशोधको राजनीति नगर्ने स्पष्ट पार्नुभएको छ ।



चितवनको भरतपुरमा आयोजित पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले पार्टीले प्राप्त गरेको जनमतलाई आत्मसात गरी कसैप्रति पनि प्रतिशोध नसाँध्ने बताउनुभयो । उहाँले राजनीतिक दलहरुबीच भएका वैमनस्यता पनि यहीँबाट अन्त्य गरी सहयोग र सहकार्यका साथ देश र जनताको पक्षमा काम गर्ने उल्लेख गर्नुभयो ।

पार्टीभित्र गुट-उपगुटको अभ्यास हुन नदिने उल्लेख गर्दै सभापति लामिछानेले महाधिवेशनमार्फत एकताको सन्देश दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पुराना राजनीतिक दलले बेहोरेको अनुभवबाट पाठ सिकेर गुटरहित ढङ्गले अघि बढ्न सके रास्वपालाई कुनै शक्तिले पराजित गर्न नसक्ने उहाँको भनाइ थियो । "रास्वपा लड्यो भने आफ्नै घुँडामा अल्झेर लड्छ, रास्वपालाई लडाउने अरू कसैको तागत छैन", उहाँले भन्नुभयो, "गुट र उपगुटले दिने फल विषालु हुन्छ । त्यस्तो फल फल्यो भने वृक्ष नै काट्नुपर्ने अवस्था आउँछ । हामी अहिले कस्तो बीउ रोप्ने भन्ने मोडमा छौँ ।" रास्वपा देशको साझा राजनीतिक मञ्चका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उहाँले पछिल्लो समय गैरराजनीतिक क्षेत्रका व्यक्ति पनि राजनीतिमा आउन थालेको बताउनुभयो । सभापति लामिछानेले नेपाली कांग्रेस र नेकपा (एमाले)भित्र देखिएका समस्या समाधान गर्न सुझाव दिँदै समस्या समाधान नभए त्यसले मुलुकलाई नै अप्ठ्यारो पर्ने बताउनुभयो । "हामीले इतिहासलाई जवाफ दिनुपर्नेछ । राष्ट्रिय राजनीति राम्रो हुन हाम्रो पार्टी मात्रै राम्रो भएर पुग्दैन, अरू दल पनि सुध्रिनुपर्छ", उहाँले भन्नुभयो, "कांग्रेस र एमालेभित्र देखिएका अप्ठ्यारा समाधान भएनन् भने देशलाई समस्या पर्छ ।"

सभापति लामिछानेले पूर्वसहमति अनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले लक्ष्य अनुसार काम गरिरहेको बताउनुभयो । "सरकार सञ्चालन गर्ने पूर्वसहमति अनुसार रास्वपाका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुगेको छ । गोल हान्ने जिम्मा उहाँलाई नै छ । झुक्किएर मेरो खुट्टामा बल आएछ भने पनि पास गरेर उहाँको खुट्टामा पुर्याउने जिम्मा मेरो हो", लामिछानेले भन्नुभयो ।

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम किसानलाई प्रविधिसँगै जोड्दै

अत्तरिया । कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले किसानलाई नयाँ प्रविधिसँगै जोडेको छ ।

जिल्लामा सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन', 'धान जोन' र 'माछा जोन' कार्यक्रममा विभिन्न आधुनिक यन्त्र उपकरणमार्फत किसान लाई नयाँ प्रविधिसँगै जोड्दै लगेको हो । परम्परागत खेतीलाई व्यावसायिक र यन्त्रमैत्री बनाउन चालु आवमा अनुदानमा विभिन्न किसिमका आधुनिक कृषि औजार कृषकहरुलाई वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख सन्जु उपाध्याय रिमालले जानकारी दिनुभयो ।

जानकी गाउँपालिका-४ मुनुवा स्थित विज वृद्धि कृषि सहकारी संस्था लिमिटेडलाई ७५ प्रतिशत अनुदानमा चार पाङ्ग्रे धान रोप्ने यन्त्र प्रदान गरिएको जानकारी दिनुभयो । उक्त यन्त्रबाट १२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सुरु भएको छ । धान रोप्ने यन्त्रले रोपाइँमा धेरै सहज हुन थालेको उक्त सहकारी संस्थाका अध्यक्ष विजयकुमार कठरियाले बताउनुभयो । उहाँले भन्नुभयो, " धान रोप्ने कामदार पाउन समस्या छ ।

रोपाहारले धान रोप्दा महँगो पर्छ, समय पनि बढी लाग्छ । यन्त्रले काम छिटो हुन्छ, लागत पनि कम लाग्छ ।" त्यसैगरी, भजनी नगरपालिका-६ नवलपुरस्थित शुभकामना सामुदायिक कृषक समूहलाई चक्लाबन्दीमा चैतेधान कार्यक्रममा कृषि यान्त्रीकरणअन्तर्गत ५० प्रतिशत अनुदानमा तीन वटा पावर टिलर, आठ ओटा सिँचाइ मोटर, तीन वटा डिजल इन्जिन, एउटा रोटाभेटर, विषादी, डेलिभरी पाइप लगायतका सामान वितरण गरिएको कार्यालय प्रमुख रिमालले जानकारी दिनुभयो । मासु निर्यातका लागि राँगा/भैंसी प्रवर्द्धन कार्यक्रम, युवा लक्षित पशुपन्छी तथा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत विभिन्न क्रियाकलाप गरिएको पनि बताउनुभयो ।

एकाइको अनुदान सहयोगमा जिल्लामा भएका विभिन्न कार्यक्रमहरुको शनिबार जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीकाकुमारी चौधरीको नेतृत्वमा सरोकार भएका अन्तरनिकाय संयुक्त अनुमन टोलीले अनुगमन गरेको थियो । अनुगमनपछि प्रतिक्रिया दिँदै समन्वय समिति प्रमुख चौधरीले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले समयानुकल यन्त्र औजार वितरण गरेर किसानलाई सहज बनाएको बताउनुभयो ।

जिल्लामा गहुँ सुपरजोन आर्थिक वर्ष २०७३/७४, तेलहन जोन आव २०७४/७५, धान जोन आव २०७८/७९ र माछा जोन आव २०८१/८२ मा सुरु भएको थियो । एकाइले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, विषादी, यन्त्र उपकरणलगायत सामग्री वितरण गर्दै आएको छ ।

## भक्तपुरका क्रियाशील पत्रकारको स्वास्थ्य परीक्षण

भक्तपुर । भक्तपुर अस्पतालको १२३औँ वार्षिकोत्सवको अवसरमा भक्तपुर अस्पतालले आइतबार जिल्लामा रहेका क्रियाशील पत्रकारितामा सक्रिय पत्रकारको निःशुल्क स्वास्थ्य परीक्षण गरेको छ ।

बागमती प्रदेश मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत भक्तपुर अस्पतालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ भक्तपुर जिल्ला शाखाको समन्वयमा सम्पन्न स्वास्थ्य परीक्षणमा ५१ जना क्रियाशील पत्रकारको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको भक्तपुर अस्पताल विकास समितिका अध्यक्ष ज्ञानराम श्रेष्ठले जानकारी दिनुभयो ।

स्वास्थ्य परीक्षणमा मुटु, मिर्गौला, कलेजोलगायत शरीरका विभिन्न अङ्गमा हुनसक्ने रोगको परीक्षण गरिएको थियो । अस्पतालमा एक्सरे, इसिजी, युएसजी, सिबिसी, अल्ट्रासाउण्ड, लिपिड प्रोफाइल लगायत विभिन्न जाँच गरिएको थियो । भक्तपुर अस्पताले विगत तीन वर्षदेखि सेवा प्रवाहमा देशभरकै अस्पतालमध्येबाट उत्कृष्ट हुँदै आएको बताउँदै अध्यक्ष श्रेष्ठले जनताको सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता पूर्ण रूपमा कार्यान्वयन भइरहेको उल्लेख गर्नुभयो ।

भक्तपुरमा रहेर कार्यक्रम गर्दै आएका क्रियाशील पत्रकारको स्वास्थ्य परीक्षण, उपचारमा सहजीकरण गरिएको बताउँदै उहाँले आज प्रतिव्यक्ति करिब रु तीन हजार बराबरको स्वास्थ्य परीक्षण निःशुल्क गरिएको जानकारी दिनुभयो । पत्रकारलाई रगत, दिसा र पिसाब परीक्षणको रिपोर्ट आएपछि थप उपचारको आवश्यकता भएमा अस्पतालले निःशुल्क सेवा प्रवाह गर्ने उहाँले बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ भक्तपुरमा अध्यक्ष सुन्दर शिल्पकारले सधैँ समाचारका लागि दौडने पत्रकारहरूले आफ्नो स्वास्थ्य परीक्षणमा ध्यान नदिइरहेको अवस्थामा शिविरले पत्रकारको स्वास्थ्य अवस्था जानकारी लिन र आवश्यक परे थप उपचारमा जान सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

## जनमत जोगाउँदै सुशासन र आन्तरिक लोकतन्त्र सुदृढ गर्न आग्रह

नारायणगढ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम राष्ट्रिय महाधिवेशनमा शुभकामना दिने अधिकांश नेताहरुले पार्टीले प्राप्त गरेको जनमत जोगाउन, आन्तरिक लोकतन्त्र सुदृढ गर्न र सुशासनको अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन सुझाव दिनुभएको छ ।

नेपाली कांग्रेस सभापति गगनकुमार थापाले राजनीतिक दलहरू जनमतको कदर गर्दै सत्ताको उन्माद र आन्तरिक अहंकारबाट मुक्त रहनुपर्ने बताउनुभयो । "इतिहासमा राजनीतिक दलहरूले पाएको जनमत नेताहरूको अहंकार, आपसी टकराव र सत्ताको उन्मादका कारण पटकपटक दुर्घटनामा परेको छ । रास्वपाले यी दुवै अवस्थाको सामना गर्न नपरोस् र प्राप्त जनसमर्थन लाई सही ढङ्गले स्थिरताका निम्ति अगाडि बढाओस् ।" नेपाली कांग्रेस र रास्वपाबीचको सम्बन्धलाई प्रष्ट पार्दै सभापति थापाले संसद्मा आफ्नो दल सशक्त प्रतिपक्षको भूमिकामा रहने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाली कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुश्मन होइन । हामी संसद्मा प्रतिपक्षमा छौँ । जहाँ औँला ठड्याउनुपर्ने हो, त्यहाँ औँला ठड्याउँछौँ, जहाँ ताली बजाउनुपर्ने हो त्यहाँ ताली बजाउँछौँ ।" पछिल्लो समय राजनीतिमा विगतलाई पूर्ण रूपमा नकार्ने प्रवृत्ति बढेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले प्रजातन्त्रका लागि भएको ऐतिहासिक सङ्घर्षलाई भुल्न नहुनेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "चितवनमा निलो झण्डा फहराउँदै गर्दा विगत ३५ वर्षमा केही पनि भएन भनेर इतिहासलाई इन्कार नगर्नुहोला, तपाईंहरू जुन ठाउँमा उभिनुभएको छ, त्यहाँ मुनि प्रजातन्त्रका लागि लड्ने सहिदहरूको रगत र बलिदान जोडिएको छ । त्यो इतिहासलाई कसैले पनि बिर्सन मिल्दैन ।" सभापति थापाले गरिबी, अज्ञानता, विभेद र अक्षमता नै देशको मुख्य दुश्मन भएको औँल्याउँदै यी साझा चुनौतीविरुद्ध र संविधान एवं व्यवस्थाको रक्षाका लागि रास्वपासँग सहकार्य हुने स्पष्ट पार्नुभयो । उहाँले रास्वपाको स्थापनाको छोटो समयमै प्राप्त जनसमर्थनको प्रशंसा गर्दै महाधिवेशनको पूर्ण सफलताको कामनासमेत गर्नुभयो ।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले रास्वपाले छोटो समयमै हासिल गरेको राजनीतिक सफलता नेपाली इतिहासकै एउटा नयाँ क्रान्तिको कडी भएको बताउनुभयो । उहाँले आफूले विगत १०-११ वर्षदेखि सुरु गरेको वैकल्पिक राजनीतिको अभियानको सबैभन्दा महत्वपूर्ण उपलब्धिका रूपमा रास्वपालाई लिएको स्पष्ट पार्नुभयो । उहाँले आफूलाई सधैँ परिवर्तन र न्यायका पक्षमा उभिने एक निरन्तर विद्रोहीको रूपमा प्रस्तुत गर्दै आफ्नो सारा जीवन यसैमा सुम्पिएको उल्लेख गर्नुभयो । तर मेरो स्पष्ट धारणा के छ भने, समाज बदल्न हिँडेका युवा सधैँ सत्य र न्यायका पक्षमा उभिनुपर्छ र तपाईंहरू उभिनुभएको छ ।" उहाँको भनाइ तियो ।

ङ्हयोला ङ्हये च्हाबा बारे सेन्तोसी थोबा तामगदे

• भर्खर न्हवाबा कोलादा न्हवाबा १ घण्टा भित्र ङ्हयोला ङ्हये च्हानाङ् । कोलादा ठिक ग्यामर थान्सी ङ्हये च्हाबासे ङ्हये खबादा मद्दत लमु ।
• न्हवाबा कोलादा न्हिँ थेन म्हान् लसी कम्तिमा १० देखि १२ फेर ङ्हये च्हानाङ् ।
• कोलादा तोगोबा जम्मान पौष्टिक तत्व ङ्हयोला ङ्हयेरी याङ्बा तबासे कोला न्हवाबादेखि ६ महिना धोना ङ्हयोला ङ्हये जे च्हानाङ् ।
• कोलासे पट्टि गिकला ङ्हये चुसी सिसी हाङ सेन ख्लाबा लिच्छा जे अर्को पट्टिला ङ्हये च्हानाङ् ।

अनुरोध लबा : जनस्वास्थ्य कार्यालय, धादिङ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com